# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, वैशाख २७ गते २०४८ साल (अतिरिक्ताङ्क ६

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

#### सूचना १

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको सिफारिशमा प्रतिनिधि सभाको सदस्यको निर्वाचनको सम्बन्धमा सोही ऐन अन्तरगतको मुद्दामा कारवाही र किनारा गर्न मध्यमाञ्चल क्षेत्रीय अदालतका माननीय मुख्य न्यायाधीश श्री केशवप्रसाद उपाध्यायको एक सदस्यीय निर्वाचन विशेष अदालत गठन गरेको छ ।

#### सूचना २

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २२ को उपदफा (२) को प्रयोजनको लागि श्री ५ को सरकारले मध्यमाञ्चल क्षेत्रीय अदालतका माननीय मुख्य न्यायाधीश श्री केशवप्रसाद उपाध्यायको एक सदस्यीय निर्वाचन विशेष अदालतको निर्णय उपर पुनरावेदन सुन्न सर्वोच्च अदालतलाई तोकेको छ ।

आज्ञाले,

ईश्वरबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

36

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।